फालेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)

थकेपुङ, पाँचथर, नेपाल


प.सं.: ०८१/०८२
च.नं.

मिति: २०८१/०४/१४

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थकेपुङ, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

श्री सम्बन्धित कर्मचारी (सबै)।
फालेलुङ गाउँपालिका, थकेपुङ, पाँचथर।

**तोकिएको कागजात सहित आवश्यक विवरण पेश गर्ने सम्बन्धमा।**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/१४)

प्रस्तुत विषयमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ र ४ को प्रयोजनका लागि यस फालेलुङ गाउँपालिकामा कर्मचारी समायोजन हुँदाका बखत साविक स्थानीय निकायमा स्वीकृत स्थायी दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करारमा नियुक्ति भई हालसम्म अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने कार्य भइरहेको हुँदा त्यस्ता कर्मचारीहरुले यो सूचना जारी भएको मितिले ७ (सात) दिनभित्र देहाय बमोजिमको विवरण यस कार्यालयमा पेश गर्न हुन सूचित गरिन्छ।

**देहायः**

१) कर्मचारीको नाम, थर :
२) सेवा/समूह/उपसमूह :
३) तह :
४) पद :
५) शुरु नियुक्ति मिति :
६) अस्थायी / करार :
७) शैक्षिक योग्यता :
८) दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम तोकिएको अवधिसम्म अविच्छिन्न रुपमा कार्यरत रहेको मिति : देखि : सम्म:

नोट : विवरण पेश गर्दा आफ्नो शुरु नियुक्तिपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र तथा अन्य सम्बन्धित कागजात समेतको सक्कल देखाई सो को प्रतिलिपि पेश गर्नुपर्नेछ।

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत



phalelungmun.gov.np ९८-५२६-८४-१०४ phalelunggaunpalika@gmail.com